# राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता

*बिषयक*

# सार्वजनिक सुनुवाई

२०८१ असार २१ गते, अगैया, राप्तीसोनारी, बाँके

## कार्यक्रम प्रतिबेदन




सार्वजनिक सुनुवाइमा सरोकारवालाहरु ।

**आयोजक**

राप्तीसोनारी गाउँपालिका, बाँके

**सहजिकरण**

बास नेपाल

*राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभाबकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

२०८१ असार २१ गते, अगैया, राप्तीसोनारी, बाँके

## कार्यक्रम प्रतिवेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :–

बास नेपाल बिगत २४ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल राष्ट्रिय गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, ८० ईकाई र ५ हजार बढि युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

### २. कार्यक्रमको पृष्ठभुमि :–

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६८ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको

थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन कार्यबिधि २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गर्दै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै राप्तीसोनारी गाउँपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा राप्तीसोनारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई २०८१ असार २१ गते सम्पन्न भएको छ । सुनुवाईमा पालिकाले संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका सेवाको प्रभावकारिताबारे खुला छलफल सम्पन्न भएको थियो । गाउँपालिकाको कार्यालयको परिसरमा ***राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न भएको छ ।

### ३. कार्यक्रमका उद्धेश्यहरु :

- गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा नागरिकहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने तथा पृष्टपोषण लिने ।
- गाउँपालिकाका गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

### ४. सार्वर्जजनिक सुनुवाई संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

*क. सहजकर्ताको छनौट तथा सम्झौता :*

गाउँपालिकाको आ.व. २०८०/०८१ मा सार्वजनिक सुनुवाई गर्नका लागि सुनुवाई सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपाललाई पालिकाले सहजिकरणका लागि छनौट गरेको थियो । संस्था छनौट गरे पश्चान सुनुवाई सञ्चालनका लागि बास र नगरपालिका बिच सम्झौता भएको थियो ।

*ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :*

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व पालिकाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बास नेपालद्वारा स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि, २०७७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरेको थियो ।

*ग. सार्वजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारकालागि पालिकामा सबैलाई सार्बजनिक सुचना गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनु अगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र बितरण, माईकिंग तथा पत्राचार गरिएको थियो । बिशेष गरि पालिका, वडा कार्यालय र स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई सुनुवाईमा आमन्त्रण गरिएको थियो भने सामाजिक सञ्जाल मार्फत सूचना प्रबाह गरिएको थियो ।

*घ. मिति, समय र स्थान निर्धारण :*

गाउँपालिका र बास बिच छलफल पश्चात पालिकाको कार्यालय भित्र रहेको सभाहलमा २०८१ असार २१ गते शुक्रवार दिउसो १ बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

**च. सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन**

राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा यस आ.ब.को तेस्रो सार्वजनिक सुनुवाइ २०८१ असार २१ गते सम्पन्न भएको हो ।

बिकास निर्माण, सार्वजनिक सेवा प्रबाह लगायतका बिषयमा सहभागिहरुले सुनुवाईमा सोधेका प्रश्नहरुको जवाफ गाउँपालिका अध्यक्ष तप्त बहादुर पौडेल, उपाध्यक्ष मनिषा सिंह थारु, प्रमुख प्रशासकिय अधिकृत दान बहादुर ऐडि लगायतले दिएका थिए ।

सुनुवाइको अन्तमा ५ बुँदे सार्वजनिक प्रतिबद्धता जारी भएको छ । जारी भएका प्रतिबद्धताहरुमा राप्तीसोनारी गाउँपालिकामा रहेका सामुदायिक बिद्यालयहरुको एसईई २०८० को नतिजा निराशाजनक प्राप्त भएकाले शिक्षाको गुणस्तर सुधार्नका लागि बिशेष योजना बनाउने, पालिकाबाट भईरहेको शिक्षाको गुणस्तर र पूर्बाधार बिकास कार्यलाई निरन्तरता दिने, समुदायबाट

पनि यस बारे उच्च सर्तकता अवलम्वन गर्ने, पालिकामा रहेका सहकारीहरुमा लेखा व्यवस्थापन गर्ने कर्मचारीहरु दक्ष राख्न सहकारी संस्थाहरुलाई परिपत्र गर्ने, गाउँपालिकाबाट नियमित बजार अनुगमन गर्ने, गाउँपालिकामा रहेका सबै बिद्यालयाहरुको आधारभुत आवश्यकता (खानेपानी, शौचालय) परिपूर्तिका लागि आवश्यक व्यवस्था गर्ने, समग्र कृषि क्षेत्रको बिकासका लागि कृषकहरुलाई प्रोत्साहन हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने, ९ वटै वडामा रहेका आमा समूहहरुको बैठक व्यवस्थापनका लागि आवश्यक सामाग्रि त्रिपाल र स्वयंसेवकहरुलाई झोला उपलब्ध गराउने, राप्तीसोनारी गाउँपालिकमा रहेका पर्यटकीय स्थलहरुलाई थप व्यवस्थित गर्ने, भौतिक पूर्बाधारहरु निर्माण गर्ने रहेका छन् ।

प्रतिबद्धतामा गाउँपालिका अध्यक्ष तप्त बहादुर पौडेल, उपाध्यक्ष मनिषा सिंह थारु, प्रमुख प्रशासकिय अधिकृत दान बहादुर ऐडी, वडा नम्वर ३ का अध्यक्ष मिन कुमार चौधरी, वडा नम्वर ४ का का.बा. अध्यक्ष मंगरे थारु, वडा नम्वर ६ का लवराज खरेल, वडा नं ७ का वडाध्यक्ष रामलखन थारु, वडा नम्वर ८ का अध्यक्ष सालिक राम डाँगी, वडा नम्वर ९ का अध्यक्ष सोहनलाल थारु, कार्यपालिका सदस्य सुमित्रा थारु र थान बहादुर बिकले हस्ताक्षर गरेका छन् ।

**समाचार कभरेज लिंक :**

https://asalshasan.com/2024/22878/

तस्विरमा सुनुवाईका केही झलकहरु :





सुनुवाईको सहजिकरण गर्दै सहजकर्ता नमस्कार शाह बाँया, सुनुवाईमा बोल्दै प्रप्रअ दान बहादुर ऐडि, सहभागिहरुको प्रश्नको जवाफ दिदै सरोकारवालाहरु तल ।










सार्वजनिक सुनुवाइका झलकहरु ।






**ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :**

सार्वजनिक सुनुवाइमा शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, बिकास र विकास निर्माणका बिषयमा बढी प्रश्नहरु आएका थिए, सडक, पुलपुलेसा निर्माण, बजार अनुगमन, पर्यटकिय स्थलहरुको व्यवस्थापन, लक्षित वर्ग केन्द्रित कार्यक्रम, पालिकाले सेवा प्रबाह लगायतका बिषयमा पालिकाबासिहरुले जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

**ज. प्रतिवद्धताको सार्वजनिकरण :**

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफहरुको आधारमा सुधारको लागि ५ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । प्रतिबद्धताहरु घोषणा गर्दै सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात प्रतिबद्धता सहित उल्लेख गरिएको प्रेश बिज्ञप्ती

प्रकाशन गरिएको थियो । जुन बिज्ञप्ती सबै सञ्चार माध्यमहरुमा सम्प्रेषण गरिएको थियो । सम्प्रेषित बिज्ञप्तीका आधारमा बिभिन्न सञ्चार माध्यमहरुमा समाचार उच्च प्राथमिकताका साथ प्रकाशन/प्रसारण भएको थियो । ५ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनमा संलग्न गरीएकोछ ।

**५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या :**

पालिकाको आयोजना र बास नेपालको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा पालिकाको बिभिन्न वडाहरुबाट सेवाग्राही, जनप्रतिनिधि, कर्मचारी, बिभिन्न सञ्जालका प्रतिनिधि, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो ।

**सहभागिहरुको लैंगिक र जातिय उपस्थिती विवरण :**

| क.स. | महिला | पुरुष | दलित | जनजाति | मधेषि | मुस्लिम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३६ | ८४ | ४ | ५२ | ० | १ | ६३ | १२० |

## ६. जवाफदेहि बक्ताहरुः

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

**कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | तप्त बहादुर पौडेल | अध्यक्ष | राप्ती सोनारी गाउँपालिका |
| २. | मनिषा सिँह थारु | उपाध्यक्ष | राप्ती सोनारी गाउँपालिका |
| ३. | दान बहादुर ऐडि | प्रमुख प्रशासकीय अधिकृत | राप्ती सोनारी गाउँपालिका |
| ४. | मिन कुमार चौधरी | वडाध्यक्ष | राप्ती सोनारी गाउँपालिका वडा नं. ३ |
| ५. | मंगरे थारु | का.बा. वडाध्यक्ष | राप्ती सोनारी गाउँपालिका वडा नं. ४ |
| ६. | लवराज खरेल | वडाध्यक्ष | राप्ती सोनारी गाउँपालिका वडा नं. ६ |
| ७. | राम लखन थारु | वडाध्यक्ष | राप्ती सोनारी गाउँपालिका वडा नं. ७ |
| ८. | शालिकराम डाँगी | वडाध्यक्ष | राप्ती सोनारी गाउँपालिका वडा नं. ८ |
| ९. | सोहन लाल थारु | वडाध्यक्ष | राप्ती सोनारी गाउँपालिका वडा नं. ९ |
| १०. | केशव राज दमाई | कार्यापालिका सदस्य | राप्ती सोनारी गाउँपालिका |
| ११. | सुमित्रा थारु | कार्यपालिका सदस्य | राप्ती सोनारी गाउँपालिका |
| १२. | थान बहादुर वि.क | कार्यपालिका सदस्य | राप्ती सोनारी गाउँपालिका |
| १३. | यम कुमारी वली | कार्यपालिका सदस्य | राप्ती सोनारी गाउँपालिका |
| १४. | बालानन्द पौडेल | योजना शाखा प्रमुख | राप्ती सोनारी गाउँपालिका |
| १५. | जीवन न्यौपाने | शिक्षा शाखा प्रमुख | राप्ती सोनारी गाउँपालिका |

| | | | |
|---|---|---|---|
| १६. | गौरव कुमार लामिछाने | आर्थिक प्रशान शाखा प्रमुख | राप्ती सोनारी गाउँपालिका |
| १७. | जय बहादुर कार्की | पशु शाखा प्रमुख | राप्ती सोनारी गाउँपालिका |
| १८. | माधव कुमार डाँगी | रोजगार शाखा प्रमुख | राप्ती सोनारी गाउँपालिका |
| १९. | यथेष्ठ पुन मगर | प्रविधि शाखा प्रमख | राप्ती सोनारी गाउँपालिका |
| २०. | गंगा वली | सहकारी शाखा प्रमुख | राप्ती सोनारी गाउँपालिका |
| २१. | सम्झना दलामी | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | राप्ती सोनारी गाउँपालिका |
| २२. | लोकेन्द्र चन्द | प्रशासन शाखा | राप्ती सोनारी गाउँपालिका |

## ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि राप्तीसोनारी गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा *स्थानिय सरकार संचालन ऐन २०७४,* सार्वजनिक जवाफदहिता प्रवर्द्धन कार्यबिधि-२०७७ मा भएको व्यवस्था अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. सार्वजनिक सुनुवाइको आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गरिएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ९ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सुचना, पत्राचार, निमन्त्रणा वितरण, सूचना टाँस तथा माईकिङ्ग गरिएको थियो ।

८. कार्यक्रम व्यवस्थापनका लागि उचित कार्य बिभाजन गरिँदा कार्यक्रम प्रभावकारी भएको थियो ।

९. सुनुवाईमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

१०. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

११. कार्यक्रम स्थल सबैकालागि पायक पर्ने स्थानमा भएकाले सहभागिताका लागि सहजता भएको थियो ।

## ८. सुधारका लागि सुझाब

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. सार्वजनिक सुनुवाइ बिदाको दिन गर्न सकेमा कार्यालयको काममा बाधा नपुग्ने देखिन्छ ।

३. असार महिनामा स्थानीयबासीहरु काममा व्यस्त हुने भएकाले असारको पहिलो हप्तानै सार्वजनिक सुनुवाई गर्दा सहभागि बढि हुने देखिन्छ ।

## ९. कार्यक्रमका उपलब्धिहरु :

- पालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको प्रभावकारीताका बिषयमा सरोकारवाला र सेवाग्राही बिचमा ब्यापन छलफल भएको छ ।
- पालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्न साझा प्रतिबद्धता गर्ने र गराउने कार्य भएको छ ।
- पालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बिषयमा गाँउपालिकाबासिहरुको तर्फबाट पृष्टपोषण लिने काम भएकोछ ।
- चौमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ५ बुँदे साझा प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

हेमराज भट्ट

प्रतिबेदक

निर्देशक, बास नेपाल

## अनुसूची : १

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।